## अनुसूची -६
## सम्पर्क अधिकृतको काम, कर्तव्य र अधिकार, निजले पाउने सुविधा पेश गर्नुपर्ने विवरण तथा पालना गर्नुपर्ने शर्तहरु

१. **सम्पर्क अधिकृतको काम, कर्तव्य र अधिकारः**

(क) पर्वतारोही दललाई परेका समस्या सुल्झाउने प्रयास गर्ने,

(ख) पर्वतारोही दलसंग जाने कामदारले बोक्ने भारीको तौल तोकिए भन्दा बढी भए नभएको सम्बन्धमा निरीक्षण तथा अनुगमन गर्ने,

(ग) पर्वतारोहणको अभियान चालू रहेसम्म आधार शिविरमा बस्ने,

(घ) पर्वतारोहणको प्रगति तथा पर्वतारोहणको क्रममा कुनै दुर्घटना भएमा त्यसको जानकारी छिटो साधनद्वारा मन्त्रालयमा पठाउने,

(ङ) सरदार, पर्वतीय पथ प्रदर्शक तथा कामदारलाई अनुशासनमा राखी कुनै मनमुटाव वा झगडा हुन नदिन प्रयास गर्ने,

(च) पर्वतारोही दलका कुनै सदस्य र स्थानीय जनता वा सरदार, पथ प्रदर्शक वा कामदार बीच कुनै अप्रिय घटना वा झगडा भएमा आफैले मिलाउने र मिलाउन नसक्ने भएमा नजिकको प्रहरी चौकी, जिल्ला प्रशासन कार्यालय वा स्थानीय निकायको मद्दत लिई आवश्यक कारवाही गर्ने गराउने,

(छ) पर्वतारोहण दलले आफूसाथ लिई गएका सम्पूर्ण सरसामानहरु (खाद्य पदार्थहरु तथा औजार उपकरणहरु) को सूची तथा आरोहण समाप्त भएपछि लिई फर्किएको निष्काशित फोहोरमैला तथा अन्य सम्पूर्ण सामानहरुको सूची अनिवार्य रुपमा यस महाशाखामा पेश गर्नुपर्नेछ ।

(ज) पर्वतारोहण दलले प्रयोग गरी निष्काशन .गरेको फोहोरमैला तोकिए बमोजिम व्यवस्थापन गर्न लगाउने र सो बमोजिम नगरेमा सो को जानकारी पर्वतारोहण शाखालाई तत्काल गराउने ।

(झ) पर्वतारोही दल वा सो दलको कुनै सदस्यले अनधिकृत रुपमा पर्वतारोहण गर्न खोजेमा त्यस्तो कार्य रोक्ने तथा त्यसको सूचना यथाशीघ्र मन्त्रालयमा पठाउने,

(ञ) पर्वतारोही दलको कुनै सदस्य, सरदार, पथ प्रदर्शक वा कामदारको दुर्घटनामा परी मृत्यु वा अङ्गभङ्ग भएमा वा सो मध्ये कसैले कुनै गम्भीर अपराध गरेमा वा गर्ने सम्भावना भएमा वा पर्वतारोही दलले प्रयोग गरेको सञ्चार साधन वा अन्य सामानहरु हराएमा यथाशिघ्र त्यसको जानकारी सहितको प्रतिवेदन मन्त्रालयमा पठाउने,

(ट) पर्वतारोही दलका सदस्य र सो दलसंग जाने व्यक्ति बीच दोभाषेको रुपमा काम गर्ने,

(ठ) पर्वतारोहणको शिविर राख्ने स्थान सम्बन्धमा पर्वतारोही दलको नेतालाई सल्लाह दिने,

(ङ) पर्वतारोही दलमा संलग्न कामदार तथा अन्य व्यक्तिको लगत सो दलको नेताद्वारा प्रमाणित गराई मन्त्रालयमा पठाउने,

(ढ) पर्वतारोही दलले फेला पारेका दुर्लभ तथा ऐतिहासिक महत्वका मालसामान बुझिलिई नेपाल सरकारले तोकेको ठाउँमा सुरक्षित बुझाउने,

(ण) मन्त्रालयले दिएको निर्देशन बमोजिम काम गर्ने ।

२. सम्पर्क अधिकृतले पर्वतारोहण नियमावली २०५९ अनुसार पाउने सुविधाः

(क) दैनिक भत्ता पाँचसय रुपैयाँ,

(ख) नयाँ र पर्वतारोही दलका सदस्यले प्रयोग गरेका वा समान गुणस्तरको कम उचाईमा प्रयोग हुने एक र आधार शिविरमा प्रयोग हुने एक गरी स्लिपिंग बैग थान दुई, ऊनी ट्राउजर वा निकर थान दुई, उनी मोजा चार जोर, पञ्जा एक जोर, हिउँमा लगाउने जुत्ता एक जोर, ट्रेकिङ्ग जुत्ता एक जोर, गेटर एक जोर, फेदर ज्याकेट एक, विण्ड ज्याकेट एक, विण्ड ट्राउजर एक, डाउन पेण्ट एक, स्वीटर एक, ऊनी कमीज दुई, ऊनी टोपी एक, हावा वा रबरको डसना एक, रुकस्याक एक, हिउँमा लगाउने चस्मा एक, छाता वा रेनकोट एक,

(ग) पर्वतारोहण अवधिभर प्रयोग गर्ने पाल थान एक,

(घ) खाना, औषधि र औषधि उपचारका सरसामान,

(ङ) भरियाको सुविधा ।

३. **पालना गर्नुपर्ने शर्तहरु :**

(क) सम्पर्क अधिकृतमा खटिई जाने प्रत्येक कर्मचारीले कतिमा पनि काठमाडौं छोडेपछिको दोश्रो स्थान वा हवाई अथवा स्थल यातायातको पहुँच भएको स्थान छाडी पैदल यात्रा शुरु गर्नुपूर्व एक पटक, बिच बाटोमा पुगेपछि एक पटक, सम्भव भएसम्म बेसक्याम्पबाट र नभएमा बेसक्याम्प नजिकको स्थलबाट आफू बेसक्याम्पमा पुगेको जानकारी एक पटक र पर्वतारोहण सम्पन्न वा परित्याग भएको जानकारी एक पटक गरी जम्मा ४ पटक पर्वतारोहण शाखालाई अनिवार्य रुपमा गराउनु पर्नेछ ।

(ख) सम्पर्क अधिकृत भई कार्य गर्न काज खटिएको अबधिदेखि दलले पर्वतारोहण अभियान समाप्त गरेको अवधिसम्म कुनै पनि समयमा पर्वतारोहण दलसंग नरहेको कुरा कुनै पनि माध्यमबाट पुष्टी भएमा दलबाट पाएको सम्पूर्ण सुविधाहरु निजबाट दललाई फिर्ता गराईने छ । सम्बन्धित दलले उक्त फिर्ता गरिएको सुविधाहरु लिन नचाहेमा सरकारी कोषमा आम्दानी बाध्ने र निजको काज रद्द गरी प्रचलित नियमावली अनुसार विभागीय कारवाही गरिने छ, साथै त्यस्तो जिम्मेवारी पूरा नगर्ने कर्मचारीको अभिलेख राखी पर्वतारोहण दलका साथ पुनः सम्पर्क अधिकृतको रुपमा खटाईने छैन ।

ग) सम्पर्क अधिकृत भई खटिएको अवधिभरमा काबु बाहिरको परिस्थिति परी आफू आरोहण दलसंग साथमा रहन नसक्ने अवस्था भएमा स्पष्ट कारण सहित सो को जानकारी तत्काल पर्वतारोहण शाखामा गराउनुपर्ने छ ।

**४ आरोहण समाप्त भएपछि सम्पर्क अधिकृतले पेश गर्नु पर्ने विवरणहरु :**

क) सम्पर्क अधिकृतका रुपमा खटाई पठाएको स्थानमा जाँदा र फर्कदा प्रयोग गरेको हवाई टिकट ।

ख) खुम्बु क्षेत्र बाहेक अन्य क्षेत्रमा गएकोमा तथा स्थलमार्गबाट गएको भए आधार शिविर नजिकको कुनै सरकारी निकाय वा गा.वि.स. वा जि.वि.स. को सिफारिश ।

ख) आधार शिविरमा बसेको प्रमाणका रुपमा त्यहाँ वसेको स्पष्ट झल्किने गरी आरोहण दलका नेता तथा सदस्यहरुसंगै लिएको तस्विर ।

ग) Team Leader बाट आफू आधार शिविरमा वसेको प्रमाणित गरी दिएको कागज ।

घ) ट्रेकिङ्ग एजेन्सीबाट आफू आधार शिविरमा वसेको प्रमाणित गरी दिएको कागज ।

- माथि उल्लेख भएबमोजिमका सम्पूर्ण काम, कर्तव्य र शर्तहरु पालना नभएको पाईएमा खटिएको अवधिभरको काज रद्द गरी सम्पर्क अधिकृत भई जांदा प्राप्त गरेको सम्पूर्ण सुविधा फिर्ता गराउने लगायतका कारवाही हुने छ ।

माथि उल्लेख भएका सम्पूर्ण काम, कर्तव्य, अधिकार र शर्तहरु पढी पूर्ण रुपमा अवगत गरें, उपरोक्त अनुसार गर्न मेरो पूर्ण मन्जुरी छ, सो अनुरुप नगरेमा माथि लेखिए बमोजिमको सजाय भोग्न तयार छु ।

सम्पर्क अधिकृतको

दस्तखत :<br>
नाम :<br>
पद :<br>
मितिः<br>
कार्यालयः